# सुन्दरहरैँचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचौक, मोरङ
**Biratchowk, Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province, Nepal**


F/Y प.सं.०८०/०८१
Ref/ च.नं.

सुचना प्रकासित मिति: २०८०/०९/१३

## सुचना । सुचना ।। सुचना ।।।

यस नगरपालिका भित्र रहेका ३ वटा खोलाहरु (वुढीखोला,गछिया खोला र लोहन्द्रा खोला) को प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क असुली गर्ने कार्यका लागि छुट्टा छुट्टै ठेक्का आह्वान गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा मिति २०८०/०९/०२ गतेको निर्णयवाट पुन ०७ दिनको लागि खुला वोलपत्र आव्हान गरिएको भएता पनी यो पटक गछिया खोलाको लागि मात्र वोलपत्र पेश भएको र अन्य दुई खोला (वुढी खोला र लोहन्द्रा खोला) को लागि कुनै वोलपत्रदाता हरुले वोलपत्र पेश नगरेको हुँदा जिल्ला स्तरिय अनुगमन सिमितिको च.नं. १०२ मिति २०८०/०९/०२ को प्राप्त पत्र साथ संलग्न निर्णय तथा यस कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णयानुसार मिति २०८०/०९/१४ गतेदेखी अर्को सुचना नभएसम्मको लागि दुवै खोला (वुढी खोला र लोहन्द्रा खोला) र ठेक्का सम्झौता नभएसम्मको लागि गछिया खोला समेतवाट नदिजन्य पदार्थ उत्खनन संकलन तथा विक्रि गर्न पुर्ण रुपमा वन्द गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीका लागि यो सुचना प्रकासन गरिएको छ । साथै उक्त खोलाहरुवाट नदिजन्य पदार्थ उत्खनन संकलन तथा विक्रि वितरण गरेको पाईएमा कानुन बमोजिम कार्वाही समेत हुने व्यहोरा जानकारी गराईन्छ ।

२०८०/०९/१३

अम्बिका प्रसाद चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मिति २०८० मंशीर २६ गते अनुगमन गर्दा देखिएका विषयहरु

१ अनुगमन गरिएका बुढी खोला ,गछियाखोला र लोहन्द्रा खोला हाल सम्म पनि ठेक्का लाग्न नसकेको र ठेक्का लगाउने प्रयाश भइरहेको देखियो ।

२ ठेक्का नलागे सम्मका लागी माथी उललेखित खोलाहरुबाट नगरपालिकाको स्वीकृतीमा श्रममूलकरुपमा वालुवा निकाल्न दिएको देखियो ।

३ श्रममूलकरुपमा निकालिएको वालुवालाइ नगरपालिकाले तोकीदिएको राजस्व लिएर निकासी गर्न दिएको देखियो तर स्थलगत अनुगमन गर्दा नदीजन्य पदार्थको उत्खननको परिमाण धेरै देखिएको भएता पनि ज्यादै थोरै परिमाणको मात्र राजस्व उठ्ने गरेको देखिएको हुँदा ठूलो परिमाणको राजस्व चुहावट भएको अवस्था देखियो ।

४ ठेक्का नलागे पनि खोलाको किनारामा वेवारिसे अवस्थामा (कसैले मेरो हो भन्न नसकेको) ठूलो परिमाणमा गिट्टी, वालुवा र ढुङ्गा स्टक गरेको देखियो ।

५ खोलाको स्थलगत अनुगमनमा देखिएको ठुला ठुला खाल्डा खुल्डीले मापदण्ड विपरित उत्खनन् भइरहेको देखियो ।

६ खोला वरिपरिका क्रसर उघोगहरुको स्टक प्रमाणित भएको देखिएन ।

अनुगमन समितिको निर्णयहरु

१ खोला ठेक्का नलागे सम्मका लागी नदीजन्य पदार्थको उत्खनन् र निकासीमा पूर्णरुपमा रोक लगाउने ।

२ सवै खोलामा स्टक रहेको नदीजन्य पदार्थहरु मध्ये के कति परिमाण नियम विपरित उत्खनन् र स्टक गरिएको छ सो परिमाण यकिन गर्ने ।

३ नियम विपरित उत्खनन् स्टक गरिएको नदीजन्य पदार्थहरुको परिमाण सम्वन्धित स्थानीय तहले तत्कालै नियन्त्रणमा लिइ जफत गर्ने र जफत गरिएको नदीजन्य पदार्थहरु नियमानुसार लिलाल विक्री गरी नगरपालिकाको खातामा आम्दानी वाँध्ने ।

४.माथी उल्लेखित ,अनुगमन समितिका निर्णयहरु कार्यान्वयन गर्न सम्वन्धित नगरपालिकालाइ लेखि पठाउने।

CamScanner